

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक
दैनिक
eprateekdaily.com



सचेतनाको माध्यम नै यस महामारीबाट बच्ने उत्तम उपाय भएकोले सत्य/तथ्य बुझेर मात्र सामाजिक सञ्जालमा रहेका सूचनाहरूको प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ३० गते आइतवार // मृत भस्म नबन्दैमा भिœल्को भैकन बल्नुछ // 2021 June 13 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८५


## सार्वजनिक जमीन भूमाफियाको निसानामै

जीतलाल श्रेष्ठ, निजगढ, २९ जेठ/

बाराको कोल्हवी नगरपालिका वडा नं १ स्थित बजार क्षेत्रको कित्ता नं १०९ को ५ बिघा ४ कट्ठा सार्वजनिक जमीन भूमाफियाले हडप्न थालेको १० वर्ष बित्न लाग्दा पनि अझै कुनै टुङ्गो लाग्न सकेको छैन ।



सार्वजनिक जग्गामा खडा भएको कोल्हवी नगरपालिका वडा नं १ स्थित बजार क्षेत्र । तस्वीरः प्रतीक

सो सार्वजनिक जमीनको अझै छिनोफानो नहुनुमा स्थानीय तहदेखि प्रदेश र सङ्घका नेताहरू निरन्तर अग्रसर नहुँदा ढिलाइ भइरहेको कोल्हवीका स्थानीयहरूको भनाइ छ ।

यस क्षेत्रको मध्य भागमा वर्षौंदेखि हाटबजार लाग्दै आइरहेको छ भने व्यापार, व्यवसाय सञ्चालन गर्दै आइरहेका व्यापारीहरूले पनि पक्की संरचना तयार गर्दै व्यवसाय चलाउँदै आएका छन् । यस क्षेत्रभित्र हाटबजारसहित कोल्हवी नगरपालिका, कोल्हवी उद्योग वाणिज्य सङ्घ, इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी सुरक्षा बेस, थारू कल्याणकारिणी, ओमशान्तिलगायतका सरकारी कार्यालय, सार्वजनिक सङ्घसंस्थाहरूको पक्की भवनलगायत व्यापारीहरूका दर्जनौं पक्कीघर छन् ।

भूमाफिया हरिवंश प्रसाईं र अमेरिका चौधरी संलग्न भई गाविसको लेटर प्याड, गाविस सचिवको हस्ताक्षर र कागजात समेत किर्ते बनाइ सार्वजनिक जग्गा दर्ता गराएको अनुसन्धानबाट खुलेपछि त्यसै बेला बारा जिल्ला अदालतले उनीहरूलाई अदालतमा उपस्थित हुन आदेश जारी गरे पनि उपस्थित नभएपछि उनीहरूलाई फरार सूचीमा राखेको थियो ।

फरार सूचीमा रहेका अमेरिका चौधरीलाई २०७६ कात्तिक २८ गते इलाका प्रहरी कार्यालय कोल्हवीले पक्राउ गरी अदालतमा बुझाएको थियो । करीब डेढ महीना थुनामा बसेकै बखत उनले सो जमीनको विषयमा सर्वोच्चमा पुनरावेदन दिएरहेको भन्दै धरौटीमा थुना बाहिर निस्किएका थिए ।

स्थानीय केशश्वर चौधरीको मृत्युपछि मृतककी पत्नी सुखली थरुनी र निजका छोरा अमेरिका चौधरीको मिलेमतोमा सो अवैध कार्य भएको जनाउँदै यसका मुख्य योजनाकारमध्येका कोल्हवी नपा–१ का खेटप्रसाद प्रसाईं रहेको स्थानीयहरूले बताए । सुखली थरुनीको भने तीन वर्षअघि निधन भइसकेको छ ।

“यो सार्वजनिक जमीन हो । सार्वजनिक नै हुनुपर्छ,” समाजसेवी केवल चौधरीले भने । सार्वजनिक जमीनको पुर्जा निकाल्दैमा मेरो भन्न पाइन्छ र ? त्यस्ता जोसुकै गिरोहलाई बेलैमा कानूनी सजाय हुनुपर्ने उनको भनाइ छ ।

यस सार्वजनिक जमीनमा कोल्हवी नगरको मुख्य क्षेत्र, व्यापारिक क्षेत्र, कार्यालय क्षेत्र भएकाले यहाँको जमीन प्रतिधुर ५ लाखदेखि १०–१५ लाख मूल्यसम्म पर्ने गरेको स्थानीयहरू बताउँछन् । सामान्य हिसाबले पनि १०० करोडभन्दा बढी मूल्य पर्ने यस सार्वजनिक जमीन विभिन्न प्रपञ्च गरी हत्याउन भूमाफिया गिरोह निरन्तर सक्रिय भइरहेको स्रोतले बताएको छ ।

त्यहाँ व्यापार, व्यवसाय गर्दै आइरहेका अधिकांश व्यापारीको चाहना चाँडोभन्दा चाँडै जग्गाधनी पुर्जा हातमा आओस् भन्ने छ । व्यापार, व्यवसायका हिसाबले उपयुक्त स्थान भएकोले उनीहरू सो जमीन किन्न त्यत्तिकै आतुर देखिन्छन् ।

यस सार्वजनिक जमीन व्यक्तिको नाममा पुर्जा झिक्ने तीनजना भूमाफियालाई २०६७ फागुन ९ गते प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान शुरू गरेको थियो । बारा कोल्हवीको हाटबजार क्षेत्रको सार्वजनिक एवं ऐलानी जमीनको पुर्जा बनाइ बिक्री तथा भोगचलन गर्ने योजना बनाएका बारा कोल्हवीका हरिवंश प्रसाईं, पारसनाथ चौधरी र अमेरिका चौधरीलाई पक्राउ गरी एक महीना जिल्ला प्रहरी कार्यालय बाराको थुनामा राखी त्यस बेला जनही २०/२० लाख रुपैयाँ धरौटीमा छुटेका थिए ।

उक्त सार्वजनिक जमीन र सो जमीनमा रहेका पक्की, कच्ची घर टहरासमेतलाई स्थानीय हरिवंश प्रसाईं र पारसनाथ चौधरीले किर्ते कागजात बनाइ आफ्नो नाममा दर्ता गराएपछि कोल्हवीका सचेत स्थानीयहरू सार्वजनिक जमीन सार्वजनिकरूपमैं कायम गर्न निरन्तर एकजुट हुँदै आइरहेका छन् ।

त्यस बेला सो जमीनको विषयमा उजूरी परेपछि अनुसन्धान गरी २०६७ फागुन ३ गते मालपोत ऐन २०३४ को दफा २४ (१) र (२) अनुसार उल्लिखित व्यक्तिहरूको नामको श्रेस्ता बदर गरी नेपाल सरकारको नाममा श्रेस्ता कायम गरी सार्वजनिक जग्गा सार्वजनिकरूपमैं मालपोत कार्यालय बाराले फर्काएको थियो ।

स्थानीय विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सचेत नागरिकहरू भेला भई सार्वजनिक जमीन सार्वजनिकरूपमैं कायम गराउन ११ सदस्यीय सर्वदलीय समिति गठन गरी सार्वजनिक जमीन सार्वजनिक गर्न सक्रिय

(बाँकी अन्तिम पातामा)

## हुलासले ऐलानी जग्गा अतिक्रमण गरेकोमा विरोध



उद्योगले ऐलानी जग्गा अतिक्रमण गरेपछि अवलोकन गर्दै स्थानीयवासी । तस्वीरः नरेश यादव

प्रस, पर्सागढी, २९ जेठ/

वीरगंज महानगरपालिका–३१ बेलवा गाउँनजीक निर्माणाधीन हुलास स्टील इन्डस्ट्रिजले ऐलानी पर्ती जग्गा अतिक्रमण गरेको भन्दै स्थानीयले काम गर्न रोक लगाएका छन् ।

स्थानीयले उद्योगले आफ्नो जग्गामा निर्माण कार्य गर्नुपर्नेमा ऐलानी दुई कट्ठा जग्गा अतिक्रमण गरेर निर्माण कार्य गरेकाले काम रोक्नुपरेको रोज महमदले बताए । उनले कुलो रहेको ऐलानी जग्गाबाट सयौं बिघा जग्गा सिञ्चित हुँदै आएकामा उद्योगले सो जग्गा नै अतिक्रमण गरेपछि समस्या भएको बताए ।

रोज महमदले स्थानीय सरोकारवालाहरूलाई खबर नगरी गोप्यरूपमा सो काम भएको भन्दै वडाध्यक्षको मिलेमतो रहेको आरोप लगाए । उनले वडाध्यक्षको मिलेमतोबेगर उद्योगले सो काम गर्न नसक्ने आरोप लगाए ।

रोज महम्मद सो वडाका बाँध/कुलो समितिका सदस्य हुन् । उनले सिंचाइ प्रभावित हुनेगरी उद्योगले काम गरेकोमा सो कार्य सच्याएर मात्रै काम अगाडि बढ्न दिने बताए ।

## वनक्षेत्र अतिक्रमण गरेका घरटहरा हटाइयो

प्रस, निजगढ, २९ जेठ/

डिभिजन वन कार्यालय बाराले वनक्षेत्रमा अतिक्रमण गरी बनाइएका जबरजस्ती घरटहरा बनाउने, वनक्षेत्र अतिक्रमण गरी बालीनाली लगाउने गरे पक्राउ गरी हदैसम्मको वन मुद्दा लगाइने डिभिजन वन कार्यालय बाराले जनाएको छ ।



अतिक्रमित घरटहरा हटाउँदै सशस्त्र वनरक्षक । तस्वीरः जीतलाल श्रेष्ठ

२२ वटा घरटहरा शुक्रवार हटाएको छ ।

कोल्हवी नगरपालिका–५ स्थित रामवनमा १० हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमण गरी बनाइएका घरटहराहरू हटाइएको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए ।

शुरूमा ५–७ वटा घरटहरा रहे पनि लकडाउनको मौका छोप्दै घरटहरा बढेपछि आगो लगाएर र भत्काएर वनक्षेत्र खाली गराइएको हो । सो कार्यमा मधुवन सबडिभिजनका प्रमुख एवं सहायक वन अधिकृत ललन राउतको नेतृत्वमा सशस्त्र वनरक्षक, वनरक्षक, वन कर्मचारीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा अतिक्रमण हटाइएको हो ।

सो वनक्षेत्रमा तारबार गरी वृक्षारोपण गर्ने योजना रहेको वन अधिकृत अहमदले बताए । पुनः वनक्षेत्रमा

बाराका जीतपुरसिमरा उपहा नगरपालिका, कोल्हवी नगरपालिका, निजगढ नगरपालिकाका विभिन्न स्थानमा गरी ८ हजार हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमणमा परेको जनाइएको छ ।

## इन्धन तस्करी गरिरहेको टयाक्टर र डिजेल जफत

प्रस, परवानीपुर, २९ जेठ/

बारा प्रहरीले सीमानाकाबाट भारततर्फ टयाक्टरमा डिजेल राखी तस्करी गरिरहेको अवस्थामा एकजनालाई पक्राउ गर्नुका साथै टयाक्टर र तस्करीको डिजेल जफत गरेको छ ।

पूर्वसूचनाको आधारमा शुक्रवार बिहान ९ बजे जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय प्रसौनी, नौतन, बाराबाट खटिएको संयुक्त प्रहरी टोलीले विश्रामपुर गाउँपालिका वडा नं ३ बलिरामपुर टोलस्थित नेपाल–भारत सिमानाको दशगाजामा उक्त टयाक्टर बरामद गरेको थियो ।

विश्रामपुर गापा–३ बस्ने वर्ष ३५ का सकिल हुसेनले ना.४त ३७२६ नंको टयाक्टरको टेलरमा ५०० लिटर डिजेल लोड गरी भारततर्फ तस्करी गरिरहेको बारा प्रहरीले जनाएको छ ।

टयाक्टरको ८ लाख र ५ सय लिटर डिजेलको ५३ हजार गरी कुल मूल्याङ्कन ८ लाख ५३ हजार तोकिएको र वीरगंज भन्सारमा थप आवश्यक कारबाहीको लागि पठाइएको बाराका प्रहरी प्रवक्ता प्रनाउ गौतम मिश्रले जानकारी गराए ।



तस्वीरः प्रतीक

## हत्या अभियोगमा दाजु र भतिजा पक्राउ

प्रस, महोत्तरी, २९ जेठ/

महोत्तरीमा भाइको हत्या अभियोगमा दाजुसहित दुईजना पक्राउ परेका छन् । सहोदर भाइको हत्या अभियोगमा जिल्लाको लोहारपट्टि नगरपालिका वडा नं ७ भ्रमरपुरा निवासी रामचन्द्र साह र भतिजा उमेश साह पक्राउ परेका हुन् ।

आफ्नै दाजु र भतिजा भएर ४५ वर्षीय लक्ष्मण साहको हत्या गरेको किटानी जाहेरी परेको र सोही आधारमा मृतकका दाजु रामचन्द्र र भतिजा उमेशलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । घटना विवरण अनुसार बितेको बुधवार घरमा कुलदेवताको स्थान कता राख्ने भन्ने र पूजा आराधनाको विषयमा दाजुभाइबीच विवाद भएको थियो । सो विवाद झडपमा परिणात हुँदा दाजु र भतिजाको आक्रमणबाट लक्ष्मण गम्भीर घाइते भएका थिए ।

उनलाई उपचारका लागि काठमाडौं पठाइएकोमा लक्ष्मणको शुक्रवार मृत्यु भएको हो । झडपमा संलग्न दुईजनालाई शनिवार पक्राउ गरिएको र अन्य को को थिए भन्नेबारे अनुसन्धान भइरहेको महोत्तरीका प्रहरी उपरीक्षक दिनेश आचार्यले जानकारी दिए ।

पक्राउ परेका दुवैलाई जिल्ला अदालत महोत्तरीबाट म्याद थप गरी प्रहरीले अनुसन्धान थालेको छ ।

## विचारसार र सूक्तिहरू

**वृक्ष आफ्नो टाउकोमा गर्मीलाई सहन गरेर भएपनि अन्य प्राणीलाई छायाको आश्रम दिएर गर्मीबाट बचाउँछ।**

**– कालिदास**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# स्वतर्फ जाने साधना नै जीवन-साधना हो

जीवन त्यो हो, जुन हामीलाई बाँच्नका लागि पाइएको छ; तर सही अर्थमा जीवन बाँच्नु आफैंमा एउटा खास अनुभव हो। जीवनमा सफल हुनु, आफ्नो जीवनलाई सार्थक बनाउनुले जीवनलाई विशेष अर्थ प्रदान गर्दछ। जीवन त सबै बाँच्दछन्, तर कसैको जीवन यति विशेष हुन्छ कि त्यो अरूका लागि प्रेरणाको स्रोत बन्न पुग्दछ।

**मानिसका लागि जति कर्तव्य आफ्नो परिवार, समाजप्रति छ, त्यति नै आफूप्रति पनि छ र यी सबैको समन्वय गरेर नै जीवनमा अघि बढ्नुपर्छ; तर आफ्नो स्वलाई बिर्सनुहुन्न, अपितु यसतर्फ लम्कनुपर्छ; किनकि स्वको प्राप्ति नै जीवन–साधना हो।**

सबैसँग बाँच्नका लागि एउटै मात्र जीवन हुन्छ, तर सबैका लागि यो जीवनको अर्थ अलग–अलग हुन्छ। वास्तवमा जीवन अनेक चरित्रलाई एकैसाथ निर्वाह गर्नु हो। जीवनको सुरुआत कुनै परिवारमा मात्र हुन्छ र परिवारमा नाता–सम्बन्ध हुन्छ, जुन एकअर्कासँग जोडिएको हुन्छ। कुनै सम्बन्ध गहिरोगरी जोडिएको हुन्छ भने कुनैमा दूरी हुन्छ। सम्बन्धलाई बुझ्दै, यसको निर्वाह गर्दै, नयाँ सम्बन्धसँग जोडिएर नै व्यक्तिका पारिवारिक र सामाजिक क्षेत्रफल विकसित हुन्छ र यसका साथै उसको व्यक्तित्वले पनि नयाँ आयाम प्राप्त गर्छ।

मानिस यदि घरमा पारिवारिक सम्बन्धसँग जोडिएको हुन्छ भने घरबाहिर उसका साथ सामाजिक सम्बन्ध उभिन आइपुगेका हुन्छन्। यी सम्बन्धहरूबीच जन्मेका उसका आकाङ्क्षाहरूले उसलाई दिनरात व्यस्त राख्दछ। मानिसको जीवनको एउटा ठूलो भाग उसका अपेक्षा र आकाङ्क्षाहरूको पूर्तिमा नै व्यय हुन्छ र उसलाई लाग्दछ, त्यही उसको जीवन हो।

सम्बन्धहरूको मोहले उसलाई भ्रमको संसारमा लैजान्छ। ऊ अरूको इच्छापूर्तिका लागि सदा प्रयत्नशील रहन्छ। उसलाई आफूभित्रको स्व देखिनै छाड्छ र आफ्नो जीवनमा आफ्ना सम्बन्धहरूको पोषणका लागि अनेक गलत कर्म पनि गर्न पुग्दछ।

जीवनमा जब उसको शुभ कर्मको शुभ फल प्राप्त हुन्छ, अर्थात् जब उसलाई जीवनमा ठूलो सफलता, धनलाभ, यश आदि प्राप्त हुन्छ, त्यस बेला प्रायः सबै उसको सुखमा सामेल हुन्छन्, उसका साथ आनन्द मनाउँछन्; तर जब उसको अशुभ कर्मको फल उसका सामुन्ने हुन्छ, त्यसलाई भोग्नका लागि कोही उसको साथ उभिंदैन, उसले एक्लै भोग्नुपर्छ। यो अशुभ फल–गम्भीर बिमारी, गम्भीर आरोप, अपयश, अपमान आदि रूपमा हुन सक्दछ।

मानव समाजमैं रहेर ब्रह्मचारी, गृहस्थ, वानप्रस्थी वा संन्यासीको जीवन जिउँछ। यस प्रकार मानव समाजमा रहेर जस्तोसुकै जीवन बाँचोस् यदि उसले आफ्नो स्वतिर पाइला चाल्दछ भने मात्र उसको जीवन सार्थक हुन्छ।

वास्तवमा जीवन जिउनु कठिन साधना हो। जीवनमा सम्बन्धप्रति संवेदनशील हुनु पनि आवश्यक छ र यसका साथै आत्मिक उन्नयनको पनि अपेक्षा राख्नुपर्दछ। मानिस जबसम्म आफ्नो आत्मतत्त्वसँग जोडिएको हुन्छ, तबसम्म मात्र जीवनका उपलब्धिहरू अर्जित गर्न योग्य हुन्छ। यदि ऊ आफ्नो अन्तर्मनप्रति निष्ठावान् रहन्छ भने उसका कर्म पनि श्रेष्ठ हुन्छन् र उसले आफ्नो परिवार र समाजलाई श्रेष्ठ फल दिन सक्छ।

मानिसले आफ्नो जीवनयापनका लागि जति श्रम गर्दछ, त्यसभन्दा बढी यत्न उसले आफ्नो अन्तर्शुद्धिका लागि गर्नुपर्छ; किनकि यदि अन्तर निर्मल छ भने सबै मानवीय गुण त्यसमा प्रविष्ठ गर्न सक्छ, अन्यथा अन्तरका विकृतिहरूले उसको बाह्य जीवनलाई दूषित पारिदिन्छ, यसबाट उसको कर्म पनि अशुभ हुन्छ। जब मानिसमा संयम, सन्तोष, सहजता, दया, करुणा, प्रेमजस्ता गुणले ठाउँ बनाउन थाल्छन्, अनि काम, क्रोध, लोभ, मोह, अहङ्कारजस्ता अवगुणले स्वयम् आफ्नो स्थान त्यागिदिन्छन्। त्यसैले हामीले सद्गुणलाई आत्मसात् गर्नुपर्छ र दुर्गुणहरूलाई त्याग्न तत्पर हुनुपर्छ।

वास्तवमा अन्तर्शुद्धिका लागि गरिने सबै प्रयास साधना अन्तर्गत आउँछ। यो साधनाले नै मानिसलाई सिद्धितर्फ लैजान्छ अर्थात् उसको जीवनलाई परम सार्थक बनाउँछ। अन्तर्शुद्धिका लागि गरिने प्रयास र सङ्घर्षले उसको जीवनलाई एउटा नवीन अर्थ र सन्तोष प्रदान गर्दछ र अन्तर्शुद्धिको मार्गमा अगाडि बढ्ने दिशामा गरिने शुभ कर्मले नै विभिन्न विभूतिले विभूषित गर्दछ।

यदि मानिस यी विभूतिहरूलाई नै आफ्नो लक्ष्य ठान्दछ भने ऊ त्यसमा अल्झेर बस्न पुग्छ, अघि बढ्न सक्दैन; तर यदि ऊ ती विभूतिहरूमा नअल्झेर अगाडि बढिरहन्छ भने आफ्नो ध्येय 'स्व'सम्म पुग्न सक्दछ।

स्व अर्थात् स्वयम्। स्वबाट दूरीले नै हामीलाई दीन–दुर्बल बनाइदिन्छ, हाम्रो ओजस्विता–तेजस्विता खोसिलिन्छ। जति हामी स्वबाट टाढा हुन्छौं, त्यति नै असन्तुष्ट, बेचैन र दुःखी हुन्छौं र जति हामी स्वको नजीक रहन्छौं, त्यति नै परम सन्तुष्ट, आनन्दमय र निश्चिन्त हुन्छौं।

स्वबाट दूरीले हामीमा अशुद्धि र भ्रम भरिदिन्छ र जीवनमा गरिएको अशुभ कर्मले हामीलाई स्वबाट टाढा पार्दै लग्छ र यसैले गर्दा हामी भ्रम र सांसारिक अल्झोमा फस्दै जान्छौं; जबकि स्वतर्फ पाइला चलाउँदै र अन्तर्शुद्धिको लागि प्रयासरत रहँदै गर्दा हाम्रा दुर्बलता, दुष्प्रवृत्ति र अशुद्धिहरू हामीबाट टाढा हुँदै जान्छन्।

स्वतिर जाने साधना एक प्रकारले परमात्माको साधना हो, स्वतिर जाने साधना नै सही अर्थमा जीवन–साधना हो। हामी आफ्नो स्वबाट यति टाढा पुगिसकेका छौं कि हामीलाई यसको अनुभूति पनि हुँदैन, जबकि स्व हाम्रैभित्र विद्यमान छ, त्यसबाट हामी अभिन्नरूपले जोडिएका छौं, तर पनि हामी त्यससित परिचित छैनौं। यस प्रकार हेरौं भने जीवनमा हामीले जसलाई पाउनु छ, जसलाई खोज्नु छ, त्यो हामीभित्रै छ, तर पनि हामी त्यसको खोज संसारमा गरिहिंड्छौं, आफूबाहिर खोजिहिंड्छौं, भौंतारिइरहन्छौं र नपाएर दिक्दार हुन्छौं।

जसले निकै धेरै सांसारिक उपलब्धि प्राप्त गर्‍यो, धेरै यश प्राप्त गर्‍यो, धेरै सफलता हासिल गर्‍यो, तर उसले स्व पाउन सकेन भने उसको जीवन सही अर्थमा सफल र सार्थक हुँदैन; तर जसले स्व प्राप्त गर्‍यो, उसले भलै सांसारिक उपलब्धिहरू वा बाह्य सफलता पाएन, ऊ आफ्नो जीवनबाट परम सन्तुष्ट र आनन्दित हुन्छ।

मनुष्य जीवन अनमोल छ; किनकि यस जीवनमा कर्म गर्ने स्वतन्त्रता छ, यदि मानिसले कर्मको रहस्यलाई बुझेर त्यसलाई आफ्नो जीवनमा सार्थक पार्दछ भने यसैको सहायताले आफ्नो स्वसम्म पुग्न सक्दछ।

मानिसका लागि जति कर्तव्य आफ्नो परिवार, समाजप्रति छ, त्यति नै आफूप्रति पनि छ र यी सबैको समन्वय गरेर नै जीवनमा अघि बढ्नुपर्छ; तर आफ्नो स्वलाई बिर्सनुहुन्न, अपितु यसतर्फ लम्कनुपर्छ; किनकि स्वको प्राप्ति नै जीवन–साधना हो।

# खुकुलो निषेधाज्ञा, सतर्कतामा कडाइ

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

सरकारले असारदेखि निषेधाज्ञा खुकुलो पार्ने तयारी गरेसँगै सरोकारका क्षेत्रमा चासो र चिन्ता दुवै बढेको छ। गृहमन्त्री खगराज अधिकारीले ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिंदै विकास निर्माण र कृषिका गतिविधिलाई सहजीकरण गर्न निर्देशन दिएपछि असारबाट निषेधाज्ञा केही खुकुलो हुने आकलन गरिएको छ। नेपालका ७७ मध्ये ७५ जिल्ला अहिले निषेधाज्ञामा छन्। काठमाडौं उपत्यका र सीमानाकासित जोडिएका उत्पादन र आपूर्तिका मुख्य केन्द्रहरू डेढ महीनादेखि निषेधाज्ञामा छन्। यसले अर्थ–सामाजिक दैनिकी सकसपूर्ण बन्दै गएको छ। यो अवस्थामा निषेधाज्ञा खुकुलो बनाउने कुरा सकारात्मक लागे पनि कोरोना महामारीको जोखिम मूल्याङ्कन र सतर्कताका उपायमा कडाइ भने अपरिहार्य छ।

सरकारले निषेधाज्ञा खुकुलो बनाउने तयारी थाले पनि न कोरोना सङ्क्रमण अपेक्षित नियन्त्रणमा आएको छ, न त सरकारले यसका आगामी लहरहरूसित जुध्ने पर्याप्त तयारी नै थालेको छ। कोरोनाको दोस्रो लहरबाट उन्मुक्ति नपाउँदै कतिपय देशमा तेस्रो लहर शुरू भइसकेको छ। नेपालमा पनि ढिलोचाँडो यो सङ्कट भित्रिनेछ। अबको एकाध महीनामा तेस्रो लहर आउने विज्ञहरूको अनुमान छ। यसबाट बालबालिका बढी प्रभावित हुने बताइएको छ। सरकारले तेस्रो लहरबाट जोगिन आवश्यक तयारीका लागि निर्देशन दिएको त सुनिएको छ, तर कार्यान्वयनको गति अति सुस्त छ। ढुक्क हुने आधार प्रकट भएको छैन। आफ्नो पूर्वाधार र संरचनाले धान्न नसक्ने भयो भन्दै लाचारी प्रकट गर्ने सरकारबाट प्रभावकारी नियन्त्रणको आस गर्नु पनि त्यति सान्दर्भिक नहुन सक्छ।

दोस्रो लहरमा बढी क्षतिको कारक महामारीको घातक भेरियन्ट त हुँदै हो, त्योभन्दा बढी जिम्मेवार त पहिलो लहरबाट सिकेको पाठलाई कार्यान्वयनमा नउतार्नु हो। देश महामारीको सकसमा उकुसमुकुस भइराख्दा देश चलाउने भनिएको राजनीति सत्ता भत्काउने र जोगाउने खेलमा केन्द्रित भयो/भइराखेको छ। अनुभवलाई कार्यान्वयनमा रूपान्तरण गरिएको भए जनताले अक्सिजन नपाएर छट्पटिंदै प्राण त्याग्ने अवस्था आउने थिएन। यतिसम्म कि भारतमा दोस्रो लहरबाट दैनिक ३–४ हजार मानिसको मृत्यु भइराख्दा सीमानाकामा सतर्कता अपनाउन आवश्यक ठानिएन। एउटा सामान्य मानिसलाई पनि थाहा छ, भारतमा आइपरेको महामारीको असरबाट नेपाल जोगिन सक्दैन। सरकार यसमा पूरै लापरवाह बनेर गैरजिम्मेवारी प्रदर्शन गरिरह्यो।

सरकार निषेधाज्ञाको समय तन्काउँदै जनतालाई घरघरमा थुनेर दायित्वलाई पन्छाउने काममा तल्लीन भयो। अहिले पनि कोरोना महामारी नियन्त्रणमा आएर होइन, सत्ता सञ्चालनको दैनिक खर्च उठाउन वर्षको अन्तिम महीनामा निषेधाज्ञा हटाउने वातावरण बनाइराखेको छ। सरकारले कोरोनालाई कति सतहीरूपमा लिएको रहेछ भन्ने त विगत एक वर्षको अवधिमा महामारीका विषयमा फेरिंदै आएका प्रधानमन्त्रीका बोलीबाटै बुझ्न सकिन्छ। संसद्मा उभिएर 'कोरोनालाई हाछ्युँसाछ्युँ गरेर उडाउनुपर्दछ' भन्ने प्रधानमन्त्री अहिले आएर 'कोरोनाले यति गम्भीर असर गर्ला भन्ने सोचेको थिइनँ' भन्दैछन् भने नियन्त्रणमा सरकारी कदम कति प्रभावकारी भयो होला ? सहजै अनुमान गर्न सकिन्छ।

अहिले शहरी क्षेत्रभन्दा ग्रामीण इलाकामा सङ्क्रमण बढी देखिएको छ। सर्वसाधारण परीक्षणका लागि अस्पतालसम्म गएका छैनन्। परीक्षण र उपचारको दयनीय अवस्थाका कारण सङ्क्रमण लुकाएर फैलाउने काम भइराखेको छ। गृह र स्वास्थ्य मन्त्रालयको नेतृत्व निषेधाज्ञा खोल्ने पक्षमा देखिएको छ। अहिले बढी सङ्क्रमित देखिएको काठमाडौं उपत्यकामा जोरबिजोर प्रणालीमा सवारीसाधन खोल्ने तयारी थालिएका समाचार सञ्चारमाध्यममा आएका छन्। कात्तिक–मङ्सिरमा चुनाव घोषणा गरेको सरकारले चुनावको माहोल बनाउन कोरोना नरहेको सन्देश दिन खोजिराखेको हो भने त्यो जनस्वास्थ्यप्रति जघन्य अपराध हुनेछ।

गृह मन्त्रालयले निषेधाज्ञाको सकारात्मक प्रभाव परी सङ्क्रमण र मृत्युदर घटेको दाबी गरेको छ। स्वास्थ्य मन्त्रालयका अधिकारीहरू भने यसमा सहमत छैनन्। जोखिम कम भइनसकेकाले अहिलेकै अवस्थामा निषेधाज्ञा खोल्नु जोखिमपूर्ण हुने उनीहरूको तर्क छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार अहिले पनि ७७ मध्ये ४६ जिल्लामा ५ सयभन्दा बढी सक्रिय सङ्क्रमित छन्। यस्तोमा निषेधाज्ञा ह्वात्तै खोल्दा बल्लतल्ल केही मत्थर देखिएको सङ्क्रमण पुनः भयावह हुन सक्दछ।

**बरु नेपालले अन्यत्रबाट खरीद गरेर त्यति नै परिमाणमा अन्य खोप भारतलाई उपलब्ध गराउन सक्दछ। जहाँसम्म भुक्तानी भइसकेको कुरा छ, त्यो कुनै उपायले मिलान गर्न सकिन्छ। नेपाल सरकारले यो सन्दर्भमा रचनात्मक तरीकाले कूटनीतिक पहल गर्न नसकेको पनि उत्तिकै स्पष्ट छ।**

हो, निषेधाज्ञा कोरोनाको दीर्घकालीन निकास होइन। यो अवधि सङ्क्रमणको चेन ब्रेक गर्ने र आपत्कालीन उपचारका पूर्वाधार तयार गर्ने समय हो। निषेधाज्ञा खुकुलो बनाउनुपर्दछ। तर पूर्वतयारी र सतर्कतासहित दैनिकीलाई खुकुलो बनाइनुपर्दछ। दीर्घकालीन र अल्पकालीन नियन्त्रणका उपायलाई देखावटीरूपमा मात्र नभएर इमानदारीपूर्वक अवलम्बन गरिनुपर्दछ।

सरकारले नाकामा कडाइ गरेरै भएपनि आर्थिक र सामाजिक दैनिकी सहज बनाउने भनेको छ। तर नाका भनेको काठमाडौं उपत्यका छिर्ने गौंडाहरूलाई मात्र बुझ्ने मानसिकताको निकासको खाँचो छ। तीनतिरबाट भारतसित खुला सीमाले जोडिएको नेपालमा काठमाडौंका नाका कुरेर महामारी रोक्न सम्भव छैन। यो प्रकारान्तरले नेपाल भनेको काठमाडौं मात्र बुझ्ने मनोविज्ञानको अवतरण मात्रै हो। सीमानाकाबाट हुने आवागमनमा कडाइ, स्वास्थ्य मापदण्डको पालना र क्वारेन्टाइनको व्यवस्था हुनुपर्दछ। सरकारले सीमानाकामा निर्माण गर्ने भनेको होल्डिङ सेन्टर अझै तयार हुन सकेका छैनन्।

हामीकहाँ उपचारका पूर्वाधार र सङ्क्रमण पहिचानको संयन्त्र रामभरोसामैं चलेको छ। कोरोना तुलनात्मक नियन्त्रणमा आइसकेपछि उपचार संयन्त्र, सतर्कता र आर्थिक गतिविधिलाई समानान्तर तरीकाले अघि बढाइनुपर्दछ। हामीकहाँ यहींनिर समस्या छ। कोरोना सङ्क्रमण नियन्त्रणमा आएका स्थानीय तहमा त्यहींका स्थानीय सरकारले जोखिम मूल्याङ्कन गरी खुकुलो बनाउने व्यवस्था मिलाउनुपर्दछ। यसमा सङ्घीय सरकारको अनपेक्षित निर्देशन र हस्तक्षेप वाञ्छनीय हुँदैन। दैनिकीलाई खुकुलो बनाउँदा आवश्यकताका आधारमा क्रमशः खोल्दै लैजानुपर्दछ। सबै क्षेत्रलाई एकैपटक छोड्नुहुँदैन। निषेधाज्ञा खुकुलो गर्दा स्वास्थ्य सतर्कताका मापदण्डको पालनामा भने कडाइ गरिनुपर्दछ। निषेधाज्ञा खुकुलो हुने बित्तिकै भौतिक दूरी र मास्कको प्रयोगलाई चटक्कै बिर्सिने प्रवृत्तिमा लगाम कस्नुपर्दछ।

कोरोना नियन्त्रणको दीर्घकालीन उपाय भनेको सबै नागरिकलाई खोपको उपलब्धता नै हो। खोप लगाएकाहरूमा सङ्क्रमण, स्वास्थ्य गम्भीर हुने अवस्था र मृत्युदर ९८ प्रतिशत कम भएको अध्ययनहरूले देखाएका छन्। तर हामीकहाँ खोप कहिले र कसरी उपलब्ध हुने हो निश्चित छैन। चार करोड मात्रा खोप आवश्यक पर्ने सरकारी अनुमान छ। अहिलेसम्म भित्रिएको खोपको आधारमा करीब ४३ लाखजनाले खोप पाएका छन्। तीमध्ये चार लाखजनाले दोस्रो मात्रा पनि लगाइसकेका छन्। सरकार खोप खरीदभन्दा अनुदानको मुख बढी ताकिराखेको छ। यसले खोपको उपलब्धतामा अन्योल देखिएको छ।

भारतको सेरम इन्स्टिच्युटलाई भुक्तानीसमेत दिइसकेको १० लाख मात्रा खोप उपलब्ध नहुँदा साढे १३ लाखभन्दा बढी नागरिक दोस्रो मात्राको खोपको प्रतीक्षामा छन्। भारतले खोप निर्यातमा प्रतिबन्ध लगाएपछि ६५ वर्षमाथिका ज्येष्ठ नागरिक खोपको दोस्रो मात्राबाट वञ्चित छन्। खोपको दोस्रो मात्राको समय घर्किइसक्दा पनि खोप कहिले र कसरी उपलब्ध हुने हो निश्चित छैन। भुक्तानी दिइसकेको खोप दिन्नँ भन्नु भारतको बलमिच्याइँ मात्र होइन, यो हेपाहा प्रवृत्तिको पुनरावृत्ति हो। हो, भारत खोप आपूर्तिमा आफैं समस्यामा छ। तर भारतमा उत्पादित कोभिशिल्ड खोप लिइसकेका नेपालका १३ लाखभन्दा बढी ज्येष्ठ नागरिकको समस्या विशिष्ट खालको छ। कोभिशिल्डको पहिलो मात्रा लगाइसकेकाले दोस्रो मात्राको रूपमा अन्य खोप लगाउनु जोखिमपूर्ण छ। यो जटिलतालाई बुझेर भारतले कम्तीमा १० लाख मात्रा खोप आपूर्ति गर्नुपर्दछ। बरु नेपालले अन्यत्रबाट खरीद गरेर त्यति नै परिमाणमा अन्य खोप भारतलाई उपलब्ध गराउन सक्दछ। जहाँसम्म भुक्तानी भइसकेको कुरा छ, त्यो कुनै उपायले मिलान गर्न सकिन्छ। नेपाल सरकारले यो सन्दर्भमा रचनात्मक तरीकाले कूटनीतिक पहल गर्न नसकेको पनि उत्तिकै स्पष्ट छ।

# कोरोना सङ्क्रमित हुनेभन्दा मुक्त हुने धेरै

काठमाडौं, २९ जेठ/रासस

पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमित हुनेभन्दा निको हुने सङ्ख्या लगभग दोब्बर भएको छ। सो अवधिमा तीन हजार ७५० सङ्क्रमित थपिएका थिए भने छ हजार २९५ जना सङ्क्रमणमुक्त भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १५ हजार १८२ नमूना परीक्षण गरिएको थियो। तीमध्ये नौ हजार ५९८ पिसिआर विधिबाट र पाँच हजार ५८४ एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो।

नेपाली सेनाले विभिन्न मितिमा गरेको शव व्यवस्थापनसहित ६७ जनाको मृत्यु भएको छ। यो विवरणसहित हालसम्म कुल आठ हजार ३०५ जनाको कोरोनाका कारण निधन भएको छ।

मन्त्रालयका अनुसार कुल छ लाख चार हजार ३९६ जनामा कोरोना पोजेटिभ देखिएको छ। यस्तै, पाँच लाख २० हजार ८१६ जना निको भएका छन्। निको हुने दर ८६.२ प्रतिशत रहेको छ।

काठमाडौं उपत्यकाका तीन जिल्लामध्ये काठमाडौंमा सक्रिय सङ्क्रमितको सङ्ख्या १० हजार ५१ जना रहेको छ। कुल एक लाख ८६ हजार २०३ जना निको भएका छन् भने एक हजार ७५० जनाको निधन भएको छ। भक्तपुरमा दुई हजार ९४६ जना सक्रिय सङ्क्रमित रहेकामा १८ हजार ४२ जना निको भएका छन्। यस्तै, ३४९ जनाको मृत्यु भएको छ। ललितपुरमा कुल तीन हजार ९९४ जना सक्रिय सङ्क्रमित रहेकामा ३१ हजार ३१२ जना निको भएका छन्। यस्तै, ५०५ जनाको निधन भएको छ।



**४५ जिल्लामा ५०० बढी सङ्क्रमित**

मन्त्रालयका अनुसार ५०० भन्दा माथि उपचारार्थ सङ्क्रमित भएका

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्कामा आन्तरिक यात्रा प्रतिबन्धको समयावधि फेरि थप

कोलम्बो, २९ जेठ/सिन्ह्वा

श्रीलङ्कामा देशभरि लागू गरिएको यात्रा प्रतिबन्धको व्यवस्था अझै केही समय थप गरिएको छ। सरकारी अधिकारीहरूले आगामी जून २१ सम्म देशभरि आन्तरिक यात्रा गर्न प्रतिबन्ध लगाएको जानकारी दिएका छन्।



तस्वीरः रायटर्स

यसअघि लागू हुँदै आएको प्रतिबन्धात्मक व्यवस्थालाई निरन्तरता दिने विषयमा शुक्रवार निर्णय भएको उनीहरूले बताएका छन्। कोरोना भाइरसको महामारी अझै पनि नियन्त्रणमा आइनसकेकाले यात्रामा प्रतिबन्ध लगाउनुपर्ने भएको अधिकारीहरूले जनाएका छन्।

सरोकारवाला तथा विज्ञहरूसँगको बैठक र सुझावका आधारमा यात्रा प्रतिबन्धको अवधि लम्ब्याउने निष्कर्षमा पुगेको श्रीलङ्काका सेना प्रमुख शाभेन्द्र सिल्भाले जानकारी दिए। राष्ट्रपति र प्रधानमन्त्रीद्वयले पनि यात्रा प्रतिबन्ध लम्ब्याउने कुरामा स्वीकृति दिएको कोरोना भाइरस महामारी नियन्त्रण तथा व्यवस्थापन केन्द्रका प्रमुखसमेत रहेका प्रधानसेनापति सिल्भाले बताए।

यसअघि लागू गरिएको यात्रा प्रतिबन्धसम्बन्धी व्यवस्था यही जून १४ तारिखमा सकिने भएकाले १५ तारिखदेखि लागू हुनेगरी प्रतिबन्धको नयाँ व्यवस्था गरिएको हो। श्रीलङ्कामा कोरोना भाइरसको महामारीका कारण अहिलेसम्म दुई लाख १८ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। रासस

## तलबवृद्धि थोरै भएको भन्दै सरकारी कर्मचारी आन्दोलित

इस्लामाबाद, २९ जेठ/एएनआई

पाकिस्तानका सरकारी कर्मचारीले सरकारले गरेको तलबवृद्धि थोरै भएको भन्दै आन्दोलन शुरू गरेका छन्।

सरकारले नयाँ आर्थिक वर्षमा १० प्रतिशत मात्रै तलबवृद्धि हुने घोषणा गरेपछि कर्मचारीले तलबवृद्धि थोरै भएको भन्दै आन्दोलित भएका हुन्। उनीहरूले शुक्रवार बृहत् प्रदर्शन गर्दै कम्तीमा २५ प्रतिशत तलबवृद्धि हुनुपर्ने मागसमेत गरेको समाचारमा जनाइएको छ।

गत तीन वर्षदेखि कर्मचारीहरूको तलबवृद्धि नभएकाले यस वर्ष धेरै वृद्धि हुनुपर्ने उनीहरूको भनाइ रहेको छ।

आन्दोलनकारीले करारका कर्मचारीहरूलाई स्थायी गर्नुपर्ने माग पनि राखेका छन्। प्रदर्शनकारीहरूले अर्थमन्त्रीसमेतलाई लक्षित गर्दै राष्ट्रिय संसद् भवनअगाडि प्रदर्शन गरेका थिए। दश प्रतिशत मात्रै तलबवृद्धि गर्ने निर्णय संशोधन गर्न पनि उनीहरूले माग गरेका छन्। "सरकारले कम्तीमा २५ प्रतिशत तलबवृद्धि भएको घोषणा गरोस्, हैन भने हामी जूनको अन्त्यसँगै कडा आन्दोलन घोषणा गर्न बाध्य हुनेछौं," एक कर्मचारी नेताले भने। कर्मचारीहरूको आन्दोलनप्रति पाकिस्तान पिपल्स पार्टी (पिपिपी)का अध्यक्ष बिलावल भुट्टो जर्दारीले ऐक्यबद्धता जनाएका छन्। रासस

## रूसले इरानलाई अत्याधुनिक उपग्रह आपूर्ति गर्ने विषय भ्रामक –पुटिन

वाशिङ्टन, २९ जेठ/सिन्ह्वा

रूसी राष्ट्रपति भ्लादिमीर पुटिनले रूसले इरानलाई अत्याधुनिक उपग्रहको आपूर्ति गर्ने तयारी गरिरहेको भन्ने समाचारमा कुनै सत्यता नरहेको भनी वाशिङ्टन पोस्टमा हालै प्रकाशित समाचारको खण्डन गरेका छन्।

उनले वाशिङ्टन पोस्टमा आएको समाचारलाई अस्वीकार गर्दै भने, "यो केवल भ्रामक सूचना हो। मलाई यो कुराको जानकारी छैन। यसबारे जसले कुरा गर्दैछन्, उनीहरूलाई शायद यसबारे बढी थाहा होला। यो अर्थहीन प्रचार मात्र हो।"

वाशिङ्टन पोस्टमा तेहरानलाई यस क्षेत्रमा सैनिक लक्ष्यहरू ट्र्याक गर्न सक्ने 'सेटलाइट' दिने तयारी रहेको भनी शुक्रवार प्रकाशित समाचारलाई अस्वीकार गर्दै उनले भने, "हाम्रो द्विपक्षीय सम्बन्ध छ, जुन पछिल्लो वर्षमा सबैभन्दा निम्न अवस्थामा पुगेको छ।" एनबिसी न्यूजलाई शुक्रवार दिएको अन्तर्वार्तामा पुटिनले आफ्‌ अमेरिकी समकक्षी जो बाइडेनसँग सहकार्य गर्न तयार रहेको बताएका छन्।

रूसी राष्ट्रपतिले रूस र अमेरिकाबीचका सम्बन्धहरू पछिल्ला वर्षमा कमजोर बिन्दुमा पुगेको बताइरहेका समय यही जून १६ गते दुई नेताबीच स्वीट्जरल्यान्डको जेनेभामा भेटवार्ता हुने कार्यक्रम रहेको छ। बाइडेन राष्ट्रपति निर्वाचित भएपछि पहिलोपटक विदेश यात्रामा युरोप पुगेका छन्। पछिल्ला वर्षहरूमा वाशिङ्टन र


तस्वीरः फाइल

मस्कोबीचको सम्बन्ध तनावपूर्ण रहेको छ। युक्रेन, साइबर सुरक्षा, मानव अधिकार र संयुक्त राज्य अमेरिकाको चुनावमा भएको भनिएको हस्तक्षेपसँग सम्बन्धित मुद्दाहरूमा दुवै पक्षबीच परस्पर भिन्न मत रहेका छन्।

बेलायतको शाही वायुसेना मिल्डेनहल बेसमा अमेरिकी सेना र तिनका परिवारलाई बुधवार बाइडेनले भने, "म स्पष्ट छु। रूसी सरकार हानिकारक गतिविधिमा संलग्न भएमा संयुक्त राज्यले कडा र अर्थपूर्ण व्यवहार गर्नेछ। तर संयुक्त राज्य अमेरिका रूससँग स्थिर र अनुमानित सम्बन्ध चाहन्छ।" यसले उनले रूससँगको समस्या तथा सम्बन्धलाई कूटनीतिकरूपमा सम्बोधन गर्दै अघि बढ्ने बाइडेनको सोचलाई झल्काउँछ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – धनलाभ |
| मिथुन – विजय | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडाश्रम | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## जुलाईमा वाइडेन–मर्केलबीच भेटवार्ता हुने

वाशिङ्टन, २९ जेठ/सिन्ह्वा

अमेरिकी राष्ट्रपति जो बाइडेन र जर्मनीकी चान्सलर एन्जेला मर्केलबीच यही जून १५ मा वाशिङ्टनमा भेटवार्ता हुने भएको छ।



संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेन र जर्मन चान्सलर एन्जेला मर्केलबीच अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा हुने भेटमा समसामयिक राजनीति र साझा चुनौतीका विषयमा छलफल हुने बताइएको छ। उनीहरूबीच कोभिड–१९ महामारीको अन्त्य गर्ने, जलवायु परिवर्तनले निम्त्याएका खतरा, आर्थिक समृद्धि र अन्तर्राष्ट्रिय सुरक्षाका साथै पारस्परिक प्रजातान्त्रिक मूल्य मान्यतालगायतका विषयमा छलफल हुने प्रेस संयोजक जेन साकीले शनिवार जारी प्रेस विज्ञप्तिमा उल्लेख गरेका छन्।

"मर्केलको भ्रमणले संयुक्त राज्य अमेरिका र जर्मनीबीचको गहिरो द्विपक्षीय सम्बन्धको पुष्टि गर्नेछ," साकीले भने।

बाइडेन राष्ट्रपतिको रूपमा जी–सेभेन राष्ट्रहरूको सम्मेलनका अवसरमा पहिलो विदेश भ्रमणमा बेलायत आएको समय शुक्रवार मर्केलसँग अनौपचारिकरूपमा संक्षिप्त भेट भएको पनि ह्वाइट हाउसले पुष्टि गरेको छ। रासस

# नदीहरूको देश नेपाल र हाम्रो श्रीसिया

वातावरण दिवसलाई सादर समर्पित



-जसपाल सिंह

(प्रकृति सेवा प्रतिष्ठान, नेपाल)

**उद्योगहरूबाट राजनीतिज्ञहरूको पोषण हुन्छ। पार्टी सञ्चालन, सरकार निर्माण, सरकार टिकाउन लगानीसमेत हुन्छ। अनि सरकारी पदाधिकारीहरूले कसरी प्रदूषणको मामलामा हेर्ने, अर्थात् आफ्ना मालिकका दाताविरुद्ध कसरी कारबाई गर्ने ? यो असम्भवप्रायः देखिन्छ।**

नदी, समुद्र र महासागरहरूले ढुङ्गेयुगदेखि मानवका लागि पानीको महत्त्वपूर्ण स्रोतको रूपमा काम गरेका छन्। नेपाल विश्वमै दोस्रो ठूलो जलविद्युत् क्षमता भएको मुलुक हो। गण्डकी, कोशी र कर्णालीजस्ता प्रमुख नदीहरू भारतको गङ्गाजीमा मिल्दछन्। साना नदीहरूले पनि ठूलो महत्त्व राखेका छन्। 'श्रीसिया' नेपाल र भारत दुवैका लागि यस्तै नदी हो, जुन नेपाल–भारत सीमामा बग्दछ। श्रीसिया चुरे क्षेत्रको घना रामवनबाट


प्रदूषित श्रीसिया नदी। तस्वीरः लेखक

जन्मन्छ र रक्सौल पुग्नुअघि बारा र पर्सा दुवै जिल्ला भएर दक्षिणतिर बग्दछ र बूढीगण्डकीमा मिल्छ। यो नदी मानिसहरूको लागि शुद्ध र स्वच्छ पिउने पानीको स्रोत हुने गर्दथ्यो। यस नदीमा मानिसहरू नुहाउँथे। सबैले यसलाई पवित्र नदीको रूपमा मान्छन्। विभिन्न धार्मिक गतिविधि र विशेषगरी छठपूजा यसको किनारमा गरिन्छ। सबै जात, धर्मको एउटा आस्थाको केन्द्र हो, श्रीसिया नदी। तर उद्योग र सरकारको लापरवाहीका कारण श्रीसिया नेपालको सबैभन्दा प्रदूषित नदीमध्ये एक भएको छ। यो अहिले औद्योगिक फोहर विसर्जन गर्ने नालामा परिणत भएको छ। श्रीसियाको पानी अहिले एकदमै विषाक्त छ। जलचर तथा जनावरहरूले पनि यसलाई बहिष्कार गरिसके। यस पानीले धोएको तरकारी र फलहरू दूषित हुन्छ र रोगको कारण बन्छ। यो लाजमर्दो कुरा हो कि हामीले यस्तो पवित्र नदीको यस्तो दुर्दशा गरेका छौं। आफ्नै संस्कृति, सम्पदा, सभ्यता र प्रकृतिलाई हामी कसरी गुमाइरहेका छौं उदेकलाग्दो छ। उद्योगी–व्यवसायी स्वकेन्द्रित र अर्थ मानसिकताले ग्रस्त छन्। उनीहरू व्यक्तिको स्वास्थ्य र वातावरणबारे पटक्कै चिन्तित छैनन्। सरकारले पनि मतलब राखेको छैन। यसका लागि वातावरणविद्, प्रकृतिप्रेमी र विशेषज्ञहरूले नेपाल सरकार र भारत सरकार दुवैलाई ज्ञापनपत्र बुझाए। यो मुद्दा भारतीय संसद्मा उठेको थियो र बिहारको विधानसभामा पनि छलफलको विषय बन्यो। सीमा क्षेत्र प्रदूषित हुँदा समय–समयमा सडक घेर्ने, चक्काजाम आदि विरोध प्रदर्शन हुँदै आएका छन्।

उद्योगहरू कसरी निर्माण हुन्छन् वा कसरी उनीहरू उत्पादनमा लाग्छन् भन्ने कुराको उचित जाँच र सन्तुलन छैन। उद्योग दर्ता गर्दा विभिन्न नियम अन्तर्गत सञ्चालन इजाजत दिइन्छ, तर न उद्योगी, न सम्बन्धित निकायले अवैध कार्य रोक्छ, न तिनलाई नियमन गर्ने निकाय नै संवेदनशील हुन सकेको छ।

अवैध निर्माण, अनियोजित उद्योगीकरण, नदीमा प्रत्यक्ष विषाक्त प्राणघातक फोहर विसर्जन गर्ने प्रवृत्तिले प्रायः देशभरिका नदीहरूले प्रत्यक्ष अभिशाप भोग्दै आएका छन्।

उद्योग मात्र होइन, व्यापारिक भवन, घर, अपार्टमेन्टआदिको निर्माणमा कुनै आधिकारिक जाँच र नियमनको सन्तुलित पालना गरिएको छैन। उद्योगलाई वातावरणीय मापदण्ड पालना गर्दै उद्योगजन्य फोहर प्रशोधन गरेर मात्र नदीमा पानी विसर्जन गर्ने सरकारी शर्तका विपरीत नाफा कटौती हुने भएकोले उद्योगहरू नियमको अवहेलना गरिरहेका छन् र सरकार मौन छ। मानिसको स्वास्थ्य र समस्त पर्यावरणमा परेको प्रतिकूलता उनीहरूको चासो बन्नै सकेको छैन। उनीहरू के बिर्सन्छन् भने उनीहरू, उनका परिवार पनि यसै हावापानी माटोमा बाँचेका छन् र यो प्रदूषणले उनीहरूलाई पनि निल्न सक्छ। जब हामी प्रदूषणविरुद्ध आवाज उठाउँछौं, उद्योगहरूले कि हाम्रो चिन्ताको बेवास्ता गर्छन् वा सरकारी अधिकारीहरूसँग मिलेमतो गरी मुद्दालाई मेचमुनि मिलाउने गर्दछन्।

उद्योगहरूबाट राजनीतिज्ञहरूको पोषण हुन्छ। पार्टी सञ्चालन, सरकार निर्माण, सरकार टिकाउन लगानीसमेत हुन्छ। अनि सरकारी पदाधिकारीहरूले कसरी प्रदूषणको मामलामा हेर्ने, अर्थात् आफ्ना मालिकका दाताविरुद्ध कसरी कारबाई गर्ने ? यो असम्भवप्रायः देखिन्छ। त्यसैले उद्योगविरुद्ध कुनै नियम लगाउन चाहँदैनन्। प्रकृति सेवा प्रतिष्ठान, नेपालले यस मुद्दामा काम गर्दैछ र विगत सात वर्षदेखि सचेतना फैलाउँदै छ। प्रतिष्ठानले श्रीसिया नदीको किनारमा कतिपटक पत्रकार सम्मेलन गरेको छ। यसले व्यक्तिमा चेतना फैलाउन सहयोग पुऱ्याएको छ। विगत केही वर्षदेखि जिल्ला प्रशासन कार्यालय, स्थानीय अधिकारी, सम्बन्धित मन्त्रालय र प्रधानमन्त्रीलाई समेत ज्ञापनहरू बुझाइयो, सम्बन्धित प्रमाणित कागजातका प्रतिलिपिसहित ज्ञापनपत्र लेखेर निवेदन गर्दा, निरन्तर सचेतना अभियान, जुलूस, धर्ना तथा विरोध प्रदर्शनले पनि रोकथामको कुनै प्रभावकारी कार्य भएको छैन। बिबिसीका अनुसार सन् १९५७ मा नेचुरल हिस्ट्री सङ्ग्रहालयले थेम्सलाई जैविक दृष्टिले मृत घोषित गऱ्यो। त्यस युगका समाचार रिपोर्टहरूले यसलाई विशाल गन्धको बन्धनको रूपमा वर्णन गरेका थिए। त्यहाँ जलचर बाँच्न सक्दैन थिए। प्रदूषण र प्लास्टिकको फोहोरका कारण थेम्स नदीको अवस्था यही थियो। त्यस्ता उदाहरणहरू धेरै छन्।

र आजको मितिमा, थेम्सलाई त्यस क्षेत्रमा स्वच्छ नदीको रूपमा मान्यता दिइएको छ। उक्त परिवर्तनले दुई लाख बीस हजार डलरको अन्तर्राष्ट्रिय थेसिस नदी पुरस्कार जितेको छ। हामी कहाँ छौं ? हामीले देख्न सक्ने सबैभन्दा ठूलो उदाहरण भनेको वाग्मती नदी र यसको सफाइ अभियान हो।

निस्सन्देह वाग्मती पहिलेभन्दा सफा भएको छ, प्रकृति प्रतिष्ठानले पनि शुरूमा केही साता हातेमालो गरेको थियो। नदीहरू हाम्रो देशका गौरव हुन्, नदी यति सफा हुनुपर्छ कि यसमा तपाईंको प्रतिविम्ब देखियोस्। जब हामी हाम्रा नदीहरूलाई हेर्दछौं, यसले हामीलाई प्रतिविम्बित गर्दछ। तर हाम्रा नदीहरूले नकारात्मक सोच, फोहोर, प्रदूषण, ज्ञानको अभाव र महत्त्वाकाङ्क्षा मात्र प्रतिविम्बित गर्दछन्। नदी र पानी मात्र होइन, नेपालमा सम्पूर्ण प्रकृति समस्याग्रस्त देखिन्छ। वनविनाश, ध्वनि प्रदूषण, उद्योग–कारखानाबाट निस्कने धूवाँ, टायर बाल्ने, प्लास्टिकजन्य वस्तुको अन्धाधुन्ध प्रयोग, खेती र खाद्यान्नमा प्रदूषण, रासायनिक मल र कीटनाशकको अत्यधिक प्रयोग यी सबले जल, थल र नभलाई नै प्रदूषित पारिरहेको छ। यस्ता गतिविधिमा कहिले रोक लाग्ने ? पर्यावरणबारे जनचेतना बढ्नुको सट्टा विगतका वर्षहरूमा झन् बढेको देखिन्छ। वन कटानले पहिरो र दुर्घटनाको जोखिम बढाएको छ। चुरे उत्खनन र यसको दोहन एक जीवित उदाहरण हो। यसले अपरिहार्यरूपमा बाढी, माटोको क्षति र मृत्युको सङ्ख्या बढाएको छ। यसले प्रत्यक्षरूपमा भूमण्डलीय ऊष्मीकरण (ग्लोबल वार्मिङ), हिमस्खलन बढाएको छ। समुद्रको सतह उठ्नु, जलस्रोतको कमी हुँदै जानु र प्रकृतिसँग पौंठेजोरी खेल्ने मानवीय प्रवृत्तिले नै विभिन्न महामारीलाई निम्त्याएको हो। गौरवशाली देश भएको कारण नेपाल हरियालीका लागि परिचित छ, कार्बन डाइअक्साइडलाई अवशोषित गरेर अन्य राष्ट्रलाई सहयोग गर्नुको सट्टा हामी प्रत्येक वर्ष झन् बढी कार्बन उत्सर्जन गर्न लागेका छौं। "हरियो वन नेपालको धन" अब लामो समयसम्म रहनेछैन। मातृ प्रकृतिको शोषण कुनै पनि हालतमा कुनै पनि व्यक्तिको नियन्त्रणमा हुनुहुँदैन, यो बाढी, पहिरो, सुनामी, ज्वालामुखी, भूकम्प, चक्रवात, महामारी आदिको कारक हो। हामीले यसलाई बुझेर पनि अन्यथा लिइरहेका छौं।

# स्वमूल्याङ्कनसम्बन्धी गापास्तरीय अभिमुखीकरण

प्रस, ठोरी, २९ जेठ/

पर्साको ठोरी गापामा शनिवार स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनसम्बन्धी गापास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ग्रामीण विकास प्रशिक्षण केन्द्र अन्तर्गतको प्रादेशिक सुशासन केन्द्र, जनकपुरधामको आयोजनामा गाउँ कार्यपालिकाको कार्यालय ठोरी–४ घ्याङ्डाँडामा सम्पन्न कार्यक्रममा सहभागीहरूलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यक्रमको अवधारणा, उद्देश्य, स्वमूल्याङ्कनका आधार, प्रक्रियालगायतका विविध विषयमा जानकारी गराइएको थियो।



स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा सहयोग गर्ने उद्देश्यले आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति पर्साका समन्वय अधिकारी छविरमण भट्टराई र सहजकर्ता जयनारायण चौधरीले सहभागीहरूलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका विभिन्न १० वटा क्षेत्र अन्तर्गतका विषयमा सहजीकरण गरेका थिए।

कार्यक्रममा शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवाप्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य समन्वय विषयमा सहभागीहरूसँग छलफल भएको ठोरी गापाका अध्यक्ष पद्मलाल श्रेष्ठले जानकारी गराए।

सो अवसरमा सहभागी जनप्रतिनिधिहरूले स्वमूल्याङ्कनले स्थानीय तहको अवस्थाबारेमा जानकारी गराउने हुँदा यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै स्वमूल्याङ्कन कार्यक्रम निर्वाचित भएको लामो समय बितिसक्दा शुरू नभएकोमा गुनासो गरेका थिए।

जिल्ला समन्वय समिति पर्साका उपप्रमुख ठाकुरप्रसाद न्यौपानेको प्रमुख आतिथ्य तथा गापा अध्यक्ष श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गापा उपाध्यक्ष शान्तिमाया थिङ, पालिकाका वडाध्यक्षहरू, गाउँ कार्यपालिका सदस्यहरू, जिल्ला समन्वय समिति पर्साका इन्जिनीयर विजयकुमार गुप्तालगायत पालिका कार्यालय अन्तर्गतका शाखा प्रमुखहरूको सहभागिता थियो।

प्रत्येक क्षेत्रका सूचक र विभिन्न अवस्थाका आधारमा अङ्कभार १०० कायम गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि–२०७७ का आधारमा पालिकाहरूले आफ्नो स्वमूल्याङ्कन तय गर्नुपर्ने कार्यक्रममा जानकारी गराइएको थियो।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|




# १२ जनामहिलासहित १३३ जनाद्वारा आकस्मिक रक्तदान

प्रस, वीरगंज, २९ जेठ/

रक्तसञ्चार केन्द्र वीरगंजमा रगतको अभाव भएपछि शनिवार दुईवटा संस्थाले आकस्मिक रक्तदान गरेका छन्।

राष्ट्रिय युवा सङ्घ नेपाल पर्साले आवाज एफएम परिसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित राकेश साह, आनन्द पटेल, रोशन साह, कुर्बान शेख, नवनीत कुशवाहा, सुमन दत्त, विराज यादव, नरेश यादव, नुरआलम, दिलीप पाण्डे, अनिल बैठा, कृष्ण वर्णवाललगायत ८१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए। कार्यक्रम सङ्घका जिल्ला अध्यक्ष निजाम



महमदको अध्यक्षता तथा संविधानसभा सदस्य राजकुमार गुप्ताको प्रमुख आतिथ्यमा भएको थियो।

यसैगरी, वीरगंज युवा समाजले रक्तसञ्चार केन्द्र वीरगंजमा आयोजना गरेको आकस्मिक रक्तदान कार्यक्रममा ११ जना महिलासहित ५२ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

समाजका अध्यक्ष कमल चौगाईंको अध्यक्षतामा भएको कार्यक्रममा रोशन कुमार, रमेश गुप्ता, संयोग मानन्धर, प्रिया साह, रुवि साह, प्रीतिसिंह राठौर, कमल साहलगायतले रक्तदान गरेका थिए।

# अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण

प्रस, सिम्रौनगढ, २९ जेठ/

बाराको सिम्रौनगढ–७ स्थित सिम्रौनगढ नगर अस्पताललाई शनिवार स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ। नेपाली काङ्ग्रेस बारा जिल्ला सङ्गठन प्रमुख शम्भुबहादुर बुढाथोकीले सिम्रौनगढ नगर अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन्।



स्वास्थ्य सामग्रीमा अक्सिजन कन्सेन्ट्रेटर, सेनिटाइजर, मास्क, थर्मलगनलगायत रहेको स्वास्थ्य संयोजक राजेन्द्र प्रसादले बताए।

सिम्रौनगढ नगरकमिटी सभापति नागेन्द्रप्रसाद साह कानूको अध्यक्षतामा सम्पन्न हस्तान्तरण कार्यक्रममा सिम्रौनगढ नगरप्रमुख एव नेपाली काङ्ग्रेस बारा क्षेत्र नं १ का सभापति विजयशङ्कर यादव, जिल्ला कोषाध्यक्ष चन्द्रशेखर यादव, महासमिति सदस्य रामनरेशकान्त कुशवाहा, पदमबहादुर भण्डारी, रामकृष्ण नेपाललगायत स्थानीय भद्रभलादमीको सहभागिता थियो।

# बालविकास शिक्षकद्वारा गाउँपालिकालाई ज्ञापनपत्र

प्रस, ठोरी, २९ जेठ/

ठोरी गाउँपालिकाको आन्तरिक बजेटबाट तलब खानेगरी नियुक्त भएका ठोरीका २१ वटै सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहयोगी स्वयंसेवक शिक्षकहरूले ठोरी गापाका अध्यक्ष पद्मलाल श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका छन्।



ठोरी गापा अध्यक्ष पद्मलाल श्रेष्ठलाई ज्ञापनपत्र सहयोगी स्वयंसेवक शिक्षककी अध्यक्ष रञ्जु स्याङ्बो। तस्वीरः प्रतीक

आगामी आवको बजेट भाषणमा नेपाल सरकारले विद्यालयमा कार्यरत बालविकास सहयोगी स्वयंसेवक शिक्षकलाई १५ हजार रुपैयाँ तलब दिने घोषणा गरेको थियो। सो घोषणासँगै ठोरी गापाका बालविकास सहयोगी स्वयंसेवक शिक्षकहरूले सरकारले तोकेबमोजिमको तलब सुविधा पाउनुपर्ने माग राखी ठोरी गापा अध्यक्ष श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको बालविकास सहयोगी स्वयंसेवक शिक्षककी अध्यक्ष रञ्जु स्याङ्बोले जानकारी दिइन्।

ठोरी गापाको कार्यालयमा पुगी अध्यक्ष श्रेष्ठलाई बुझाइएको ज्ञापनपत्रमा सरकारले तोकेबमोजिमको न्यूनतम पारिश्रमिकको व्यवस्था, पोशाकभत्ता लगायतका सेवासुविधा पाउनुपर्ने माग राखी ज्ञापनपत्र बुझाइएको अध्यक्ष स्याङ्बोले जानकारी गराइन्। ज्ञापनपत्र बुझ्दै अध्यक्ष श्रेष्ठले मागहरू जायज रहेकाले यसमा आफू सकारात्मक रहेको बताएको बालविकास सहयोगी स्वयंसेवक शिक्षक दिलमाया दोङले जानकारी दिइन्। ज्ञापन बुझाउँदा ठोरी गापाका शिक्षा संयोजक भुपालकुमार जोशीको समेत सहभागिता थियो।

# स्रोत नखुलेको रकम बरामद

प्रस, महोत्तरी, २९ जेठ/

महोत्तरी जिल्लाको नेपाल–भारत सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले शनिवार स्रोत नखुलेको नेरु करीब ८ लाख बरामद गरेको छ। जिल्लाको सम्सी गाउँपालिका वडा नं ५ पोखरभिण्डाबाट सशस्त्र प्रहरीले सात लाख ८९ हजार पाँच सय ५० रुपैयाँ बरामद गरेको हो।

प्रहरीका अनुसार बटुवाहरूलाई सशस्त्र प्रहरी गोराही बिओपीको गस्ती टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल आउँदै गरेका एक व्यक्तिले झोला फालेर भागेका थिए। शङ्कास्पद सो झोला चेकजाँच गर्दा स्रोत नखुलेको उक्त परिमाणको रकम फेला परेको सशस्त्र प्रहरी गस्ती टोलीले जनाएको छ।

# हतियारसहित भारतीय युवक पक्राउ

प्रस, सप्तरी, २९ जेठ/

सप्तरीको नेपाल–भारत सीमावर्ती क्षेत्रबाट अवैध हतियारसहित सशस्त्र प्रहरीले एकजना युवकलाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्ने भारतको बिहार, मधुवनी निवासी २४ वर्षीय जीतेन्द्र मण्डल रहेको प्रहरीले जनाएको छ।

मण्डललाई बोदेबर्साइन नगरपालिकास्थित स्वर्णपट्टिबाट हतियारसहित पक्राउ गरिएको हो। उनको साथबाट बेरिङ हालेर पड्काउने बन्दुक बरामद भएको सप्तरीका सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए। पक्राउ परेकालाई सशस्त्र प्रहरीले शनिवार नै जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाएको छ।

## कोरोना सङ्क्रमित....

जिल्लाको सङ्ख्या ४५ रहेको छ। प्रदेश नं १ को मोरङ, सुनसरी र झापामा ५०० बढी सङ्क्रमित रहेका छन्। प्रदेश नं २ को रौतहट, धनुषा, पर्सा, महोत्तरी, बारा, सप्तरी, सिराहा र सर्लाही रहेका छन्। वाग्मती प्रदेशको काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, काभ्रेपलान्चोक, मकवानपुर, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, दोलखा र रामेछापमा ५०० बढी सङ्क्रमित रहेको मन्त्रालयको भनाइ छ। गण्डकी प्रदेशका कास्की, गोरखा, नवलपरासी (पूर्व), तनहुँ र लमजुङ छन्। लुम्बिनी प्रदेशका दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, गुल्मी, नवलपरासी (पश्चिम) र रोल्पा, कर्णाली प्रदेशको सुर्खेत र दैलेख तथा सुदूरपश्चिम प्रदेशको डडेल्धुरा, कैलाली, कञ्चनपुर, बैतडी, अछाम र डोटीमा ५०० बढी सङ्क्रमित रहेको मन्त्रालयको भनाइ छ।

यस्तै, २०० भन्दा माथि उपचारार्थ सङ्क्रमति भएका जिल्लामा ताप्लेजुङ, उदयपुर, धनकुटा, सङ्खुवासभा, खोटाङ र ओखलढुङ्गा छन्। रसुवा, स्याङजा, पर्वत, अर्घाखाँची, सल्यान, जाजरकोट, रूकुम पश्चिम र दार्चुलामा पनि २०० भन्दा माथि सङ्क्रमित उपचारमा छन्।

## सार्वजनिक जमीन......

रहे। भूमाफियालाई कानूनी कारबाही गर्न लिखित माग गरेपछि आवश्यक अनुसन्धान गरी पुनः सार्वजनिक जमीन साबिक अनुसार नै फर्काइएको तत्कालीन मालपोत कार्यालय बाराका प्रमुख युवराज भट्टराईले त्यस बेला बताएका थिए।

त्यसै बेला गठित समितिले सार्वजनिक जग्गा खारेजी र भूमाफियाहरूलाई कारबाहीको लागि सम्बन्धित निकायमा निवेदन दर्ता गराएपछि जिल्ला प्रहरी कार्यालय बाराको आदेश अनुसार इलाका प्रहरी कार्यालय कोल्हवी बाराले अभियुक्त प्रसाईं र चौधरीलाई कोल्हवीबाट त्यसै बेला नियन्त्रणमा लिएको थियो।

सो जमीन सार्वजनिक भएकोले सार्वजनिक नै हुनेमा आफू विश्वस्त रहेको कोल्हवी नगरपालिकाका प्रमुख भरतबहादुर भण्डारीले बताए। सर्वोच्च अदालतमा पुगेपछि केही वर्षअघि मात्र मालपोतमा फाइल पठाइसकेको आफूलाई जानकारी भएको बताउँदै अब चाँडै नै यसको छिनोफानो हुनेमा आफू आशावादी रहेको नगरप्रमुख भण्डारीले बताए।

सार्वजनिक जमीन आफ्नो भन्नेहरूका हकमा अदालतले उनीहरूलाई आवश्यक प्रमाणहरू पेश गर्न निर्देशन दिइसक्दासम्म पनि उनीहरूले प्रमाण पुग्ने कागजात पेश गर्न नसकेको आफ्नो जानकारीमा आएको नगरप्रमुख भण्डारीले बताए।

भूमाफिया हरिवंश प्रसाईं र पारसनाथ चौधरीको नाममा ७ दिने म्याद पुर्जी मालपोत कार्यालय बाराले काटेपछि सो पत्र बुझे पनि आरोपित भूमाफिया प्रसाईं र चौधरी मालपोत कार्यालय तथा सम्बन्धित निकायमा उपस्थित भएनन्।

त्यस बेला फरार अवस्थामैं मालपोत कार्यालयका शाखा अधिकृत सुमनप्रसाद चौधरी, मालपोत कार्यालय बारालाई विपक्षी बनाइ तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट निषेधाज्ञायुक्त परमादेश जारी भएपछि मालपोत कार्यालय बाराको तर्फबाट प्रतिरक्षासमेत गरिदिन सम्बन्धित अदालतलाई लिखित पत्र बुझाउँदै बदर गरिएको मालपोत कार्यालय बाराले जनाउँदै सो सार्वजनिक जग्गा बदर गरी साबिक अनुसार नै सार्वजनिक गरिदिएको थियो।

लामो समयसम्म पनि सार्वजनिक जमीन सार्वजनिक हुन नसक्नुले कतै भूमाफियाहरूको चलखेल बढिरहेको आशङ्का अधिकांश सचेत स्थानीयको छ।



## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

